विधेयक संख्याः

# निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

## <u>सैद्धान्तिक अवधारणा</u>

वैदेशिक व्यापारमा आएका नयाँ अवधारणासँगै निकासी पैठारी व्यवस्थालाई थप व्यवस्थित, पारदर्शी बनाई निकासी पैठारी हुने वस्तु वा सेवाको नियमन कार्यलाई प्रभावकारी बनाई निकासी पैठारी सम्बन्धी कार्यलाई थप सहजीकरण गर्न समयानुकूल संशोधन र एकीकरण गर्न आवश्यक देखि निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ र भन्सार ऐन, २०६४ को दफा ८९ ख लाई संशोधन र एकीकरण गरी नयाँ विधेयक तयार गरिएको छ।

निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/९/१६ को निर्णयानुसार स्वीकृति प्राप्त भएकोले सोही विधेयक प्रस्तुत गरिएको छ।

प्रस्तुत विधेयक पारित भईसके पश्चात समयानुकूल नयाँ अवधारणासहित निकासी पैठारी कार्यमा एकरुपता कायम हुने, बोर्ड तथा इकाईको अधिकार स्पष्ट बाँडफाँट हुने, निकासी पैठारी सम्बन्धी प्रक्रिया थप व्यवस्थित र प्रभावकारी हुने र समग्र राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाउन सघाउ पुग्ने देखिन्छ।

## उद्देश्य र कारण

वैदेशिक व्यापारमा आएका नयाँ अवधारणासँगै निकासी पैठारी व्यवस्थालाई थप व्यवस्थित, पारदर्शी बनाउन, निकासी पैठारी हुने वस्तु वा सेवाको नियमन कार्यलाई प्रभावकारी बनाउन, निकासी पैठारी सम्बन्धी कार्यलाई थप सहजीकरण गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई देशको आर्थिक विकासमा सहयोग गर्न निकासी पैठारी सम्बन्धी प्रचलित कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेस गरिएको छ।

........................................

दामोदर भण्डारी

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

## आर्थिक टिप्पणी

राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई देशको आर्थिक विकासमा सहयोग पुर्‍याउन र वैदेशिक व्यापारलाई व्यवस्थित, पारदर्शी एवं सहज बनाउन निकासी पैठारी सम्बन्धी प्रचलित कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्न निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तयार गरी संघीय संसद समक्ष पेस गरेको छु।

निकासी पैठारी सम्बन्धी व्यवस्थाको कार्यान्वयनको जिम्मेवारी नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट सम्पादन हुँदै आएकोले वार्षिक बजेटमा नियमित र स्वभाविक रुपमा हुने बढोत्तरी बाहेक नेपाल सरकारलाई अतिरिक्त आर्थिक दायित्व पर्ने छैन।

.......................................

दामोदर भण्डारी

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

**निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधयेकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ३ को उपदफा (१) | कुनै व्यक्तिले कुनै वस्तुको निकासी वा पैठारी गर्नुअघि विभागबाट तोकिए बमोजिम निकासी वा पैठारी सङ्केत नम्बर लिनु पर्नेछ। | सङ्केत नम्बर लिँदा अपनाउनुपर्ने विधि र प्रक्रिया विभागले तोके बमोजिम हुने । | सङ्केत नम्बर लिने प्रक्रियामा एकरूपता कायम हुने। |
| २. | ३ को उपदफा (४) | सङ्केत नम्बर प्रदान गर्ने प्रक्रिया, सङ्केत नम्बरको मान्य अवधि, नवीकरण, निलम्बन र खारेज गर्ने प्रक्रिया तथा सङ्केत नम्बर प्रदान गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | सङ्केत नम्बर प्रदान गर्ने प्रक्रिया, सङ्केत नम्बरको मान्य अवधि, नवीकरण गर्ने, निलम्बन वा खारेज गर्ने प्रक्रिया लाग्ने दस्तुर नियमावलीमा तोकिए बमोजिम हुने । | सङ्केत नम्बर सम्बन्धी सम्पूर्ण प्रक्रिया एवं समयानुकुल दस्तुर निर्धारण सम्बन्धी व्यवस्था नियमावलीमा तोकिई व्यवस्थित हुने। |
| ३. | ४ को उपदफा (२) | उपदफा (१) बमोजिम इजाजतपत्र लिनु पर्ने बाहेकको अन्य वस्तु वा | इजाजतपत्र लिनु नपर्ने वस्तु वा सेवाको निकासी वा पैठारी | इजाजतपत्र लिनु नपर्ने वस्तु वा सेवाको निकासी वा |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | सेवाको निकासी वा पैठारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | पैठारी व्यवस्थित हुने । |
| ४. | ४ को उपदफा (३) | उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको विवरण वा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ। | इजाजतपत्र लिन चाहने व्यक्तिले पेस गर्नु पर्ने विवरण र निवेदनको ढाँचा नियमावलीमा तोकिने । | इजाजतपत्र लिन चाहने व्यक्तिले पेस गर्नु पर्ने विवरण र निवेदनको ढाँचामा एकरूपता कायम भई सेवा प्रवाहमा सहजता हुने । |
| ५. | ४ को उपदफा (४) | उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले तोकिए बमोजिमको शुल्क लिई निवेदकलाई तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ। | विभागले इजाजतपत्र प्रदान गर्दा निवेदकसँग लिने शुल्क र इजाजतपत्रको ढाँचा नियमावलीमा तोकिने। | शुल्क र इजाजतपत्रको ढाँचामा एकरूपता र सेवा प्रवाहमा सहजता कायम हुने। |
| ६. | ४ को उपदफा | यस दफा बमोजिमको इजाजतपत्रको नवीकरण, | इजाजतपत्रको नवीकरण, निलम्वन | इजाजतपत्रको नवीकरण, निलम्वन |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | (६) | निलम्बन वा खारेज गर्ने प्रक्रिया तथा शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | वा खारेज गर्ने प्रक्रिया तथा शुल्क नियमावलीमा तोकिने । | वा खारेज गर्ने प्रक्रिया तथा शुल्कमा एकरूपता कायम हुने। |
| ७. | ५ को उपदफा (३) | सेवाको निकासी वा पैठारीको तरिका (मोड) र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सेवाको निकासी वा पैठारीको तरिका (मोड) र तत्सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिएको हुने। | सेवाको निकासी वा पैठारीको तरिका सहज र व्यवस्थित हुने । |
| ८. | ६ को उपदफा (३) | कसैले विदेशी व्यक्तिबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्ण रूपमा निर्माण, उत्पादन, प्रशोधन वा डिजाइनमा परिवर्तन गरी तयार भएको वस्तु तोकिए बमोजिमको प्रक्रिया पूरा गरी निकासी गर्न सक्नेछ। | कच्चा वा सहायक कच्चा पदार्थको प्रयोग गरी मूल्य अभिवृद्धि गरिएको वस्तुको पुनः निकासी गर्दा अपनाउनुपर्ने प्रक्रिया नियमावलीमा तोकिएको हुने। | कच्चा वा सहायक कच्चा पदार्थको प्रयोग गरी मूल्य अभिवृद्धि गरिएको वस्तुको पुनः निकासी गर्ने प्रक्रिया व्यवस्थित भएको हुने । |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| ९. | ६ को उपदफा (४) | व्यापारिक प्रयोजनको लागि बाहेक नेपालको भू—भाग हुँदै अर्को मुलुकमा निकासी गर्ने गरी कुनै वस्तु पैठारी गर्नु पर्दा पैठारीकर्ताले विभागबाट तोकिए बमोजिम पारवहन (ट्रान्जिट) सुविधाको अनुमति लिनु पर्नेछ। | व्यापारिक प्रयोजनको लागि बाहेक नेपालको भू-भाग हुँदै अर्को मुलुकमा निकासी गर्ने गरी कुनै वस्तु पैठारी गर्नु पर्दा पैठारीकर्ताले विभागबाट लिनु पर्ने पारवहन (ट्रान्जिट) सुविधाको अनुमतिको प्रक्रिया नियमावलीमा तोकिएको हुने। | नेपाललाई पारवहन (ट्रान्जिट) बनाई निकासी गर्ने प्रक्रिया सहज र व्यवस्थित भएको हुने। |
| १०. | ६ को उपदफा (५) | यस दफा बमोजिम वस्तुको निकासी वा पैठारी गर्दा अपनाउनु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | वस्तुको निकासी वा पैठारी गर्दा अपनाउनु पर्ने सर्त तथा अन्य व्यवस्था नियमावलीमा तोकिएको हुने। | निकासी वा पैठारी गर्दा अपनाउनु पर्ने सर्त तथा अन्य व्यवस्थामा एकरूपता कायम हुने। |
| ११. | ७ को उपदफा (३) | उपदफा (१) र (२) बमोजिम वस्तुको निकासी वा पैठारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | मेला वा प्रदर्शनीका लागि निकासी वा पैठारी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिएको हुने। | मेला वा प्रदर्शनीका लागि निकासी वा पैठारी सम्बन्धी अन्य व्यवस्थामा एकरूपता तथा सहजता कायम |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | | | भएको हुने। |
| १२. | ९ को उपदफा (४) | यस दफा बमोजिम गरिने वस्तुको खरिद, बिक्री, भुक्तानी तथा निकासीकर्ता वा पैठारीकर्ताले पालना गर्नु पर्ने सर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | वस्तुको खरिद, बिक्री, भुक्तानी तथा निकासीकर्ता वा पैठारीकर्ताले पालना गर्नु पर्ने सर्त सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिएको हुने। | वस्तुको खरिद, बिक्री, भुक्तानी तथा निकासीकर्ता वा पैठारीकर्ताले पालना गर्नु पर्ने सर्त सम्बन्धी अन्य व्यवस्थामा स्पष्टता र एकरुपता कायम भएको हुने। |
| १३. | १० को उपदफा (१) | कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुक्खा बन्दरगाहमा राखी अर्को मुलुकमा तोकिएको अवधिभित्र निकासी गर्न सकिनेछ। | कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुख्खा बन्दरगाहमा राखी अर्को मुलुकमा निकासी गर्ने अवधि नियमावलीमा तोकिएको हुने। | पैठारी भएका वस्तु पुन अर्को मुलुकमा निकासी गर्ने क्रममा भन्सार क्षेत्र वा सुख्खा बन्दरगाहमा राखिने समयावधिको वारेमा स्पष्टता भएको हुने। |
| १४. | १० को उपदफा | उपदफा (१) बमोजिम वस्तु निकासी गर्ने सम्बन्धी अन्य व्यवस्था | एन्ट्रापोट सम्बन्धी अन्य व्यवस्था नियमावलीमा | एन्ट्रापोट सम्बन्धी व्यवस्थामा स्पष्टता र एकरूपता कायम |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | (३) | तोकिए बमोजिम हुनेछ। | तोकिएको हुने । | भएको हुने। |
| १५. | ११ को उपदफा (२) | उपदफा (१) बमोजिम प्रदान गरिने सुविधा वा सहुलियत तथा सोको सर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | निकासीमा प्रोत्साहन दिन प्रदान गरिने सुविधा वा सहुलियत तथा सोको सर्त सम्बन्धी व्यवस्था नियमावलीमा तोकिएको हुने। | निकासीमा प्रोत्साहन दिन प्रदान गरिने सुविधा वा सहुलियत तथा सोको सर्त सम्बन्धी व्यवस्थामा स्पष्टता र एकरूपता कायम हुने। |
| १६. | १२ को उपदफा (२) | उपदफा (१) बमोजिम स्थापना भएको निर्यात गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | निर्यात गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था नियमावलीमा तोकिएको हुने। | निर्यात गृहको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने । |
| १७. | १३ को उपदफा (२) | उपदफा (१) बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिएको हुने। | उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था स्पष्ट र सहज हुने । |
| १८. | १४ को | उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा | निकासी प्रवर्द्धन कोषको सञ्चालन एवं | निकासी प्रवर्द्धन कोषको सञ्चालन एवं |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | उपदफा (३) | व्यवस्थापन तोकिए बमोजिम हुनेछ। | व्यवस्थापन सम्बन्धी व्यवस्था नियमावलीमा तोकिएको हुने। | व्यवस्थापन प्रभावकारी हुने। |
| १९. | १५ को उपदफा (१) | नेपालमा उत्पादित वस्तुको निकासीको लागि कुनै विदेशी कम्पनीले प्रचलित कानून बमोजिम नेपालमा सम्पर्क कार्यालय स्थापना गर्न चाहेमा अनुमतिको लागि तोकिएको विवरण तथा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ। | सम्पर्क कार्यालय स्थापना गर्ने अनुमतिको लागि पेस गर्नु पर्ने विवरण र कागजात संलग्न गरी दिनु पर्ने निवेदनको ढाँचा नियमावलीमा तोकिएको हुने। | सम्पर्क कार्यालय स्थापना गर्ने अनुमतिको लागि पेस गर्नु पर्ने विवरण र कागजात संलग्न गरी दिनु पर्ने निवेदनको ढाँचामा स्पष्टता र एकरूपता कायम भई सेवा प्रवाहमा सहजता भएको हुने। |
| २०. | १५ को उपदफा (३) | यस दफा बमोजिम सम्पर्क कार्यालय स्थापना गर्ने सम्बन्धी मापदण्ड, सम्पर्क कार्यालय स्थापना गर्ने कम्पनीले पालना गर्नु पर्ने सर्त मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ। | सम्पर्क कार्यालय स्थापना गर्ने सम्बन्धी मापदण्ड, सम्पर्क कार्यालय स्थापना गर्ने कम्पनीले पालना गर्नु पर्ने शर्त मन्त्रालयबाट निर्धारण गरिने छ। | सम्पर्क कार्यालय स्थापना गर्ने सम्बन्धी मापदण्ड, सम्पर्क कार्यालय स्थापना गर्ने कम्पनीले पालना गर्नु पर्ने शर्त तथा सो सम्बन्धी अन्य |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | | | व्यवस्थामा सहजता र एकरूपता कायम हुने। |
| २१. | १६ को उपदफा (४) | उपदफा (१) बमोजिमको सूचना दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | ऐन विपरीत निकासी वा पैठारी गर्न लागिएको सूचना सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिएको हुने। | निकासी वा पैठारीको लागि बन्देज लगाएको वस्तु वा सेवाको सुचना लिने प्रकृया व्यवस्थित र प्रभावकारी हुने। |
| २२. | १९ (झ) | व्यापार सहजीकरण तथा पारदर्शिता कायम गर्ने सम्बन्धी तोकिए बमोजिमका अन्य काम गर्ने। | इकाईको अन्य काम, कर्तब्य र अधिकार नियमावलीमा तोकिएको हुने। | बोर्डको काम, कर्तव्य र अधिकार स्पष्ट र व्यवस्थित भएको हुने। |
| २३. | २७ को उपदफा (२) | उपदफा (१) बमोजिम प्रदान गरिने विशेष परिचयपत्र र सम्मान सम्बन्धी व्यवस्था, त्यस्तो परिचयपत्र र सम्मान गर्ने व्यक्तिले नेपाल सरकारबाट प्राप्त गर्ने सुविधा र निजले पालना | विशेष परिचयपत्र र सम्मान सम्बन्धी व्यवस्था, त्यस्तो परिचयपत्र र सम्मान गर्ने व्यक्तिले नेपाल सरकारबाट प्राप्त गर्ने सुविधा र निजले पालना गर्नु पर्ने शर्त | विशेष परिचयपत्र र सम्मान सम्बन्धी व्यवस्था, त्यस्तो परिचयपत्र र सम्मान गर्ने व्यक्तिले नेपाल सरकारबाट प्राप्त गर्ने सुविधा र निजले पालना गर्नुपर्ने |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | गर्नु पर्ने सर्त तोकिए बमोजिम हुनेछ। | नियमावलीमा तोकिएको हुने । | सर्तमा एकरूपता र सरलता कायम भएको हुने। |

## निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐन निर्माण गर्नुको उद्देश्य स्पष्ट गर्न। |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको संक्षिप्त नाम र ऐन प्राम्भ हुने मिति स्पष्ट गर्न। |
| २ | परिभाषा | विधयेकमा प्रयोग भएका शब्दहरुको अर्थ स्पष्ट गर्न। |
| ३ | सङ्केत नम्बर लिनु पर्ने | कुने व्यक्तिले कुनै वस्तुको निकासी वा पैठारी गर्दा लिनु पर्ने सङ्केत नम्बर सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| ४ | इजाजतपत्र लिनु पर्ने | वस्तु वा सेवाको निकासी वा पैठारी गर्दा इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न। |
| ५ | निकासी वा पैठारीमा बन्देज वा नियन्त्रण गर्न सक्ने | कुनै वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउन वा नियन्त्रण गर्ने सम्बन्धी व्यवस्था गर्न। |
| ६ | निकासी वा पैठारी सम्बन्धी अन्य व्यवस्था | अन्तर्राष्ट्रिय कम्पनीले उत्पादन गरेको वस्तु नेपाली एजेन्सीले निकासी गर्न सक्ने र नेपालको भू-भाग हुँदै वस्तु पैठारी गर्ने सम्बन्धी व्यवस्था गर्न। |
| ७ | मेला वा प्रदर्शनीका लागि निकासी वा पैठारी गर्न सकिने | स्वदेश वा विदेशमा आयोजना हुने औद्योगिक वा व्यापारिक मेला वा प्रदर्शनीको लागि कुनै वस्तु निकासी वा पैठारी गर्ने सम्बन्धी व्यवस्था गर्न। |
| ८ | निर्धारित भन्सार बिन्दुबाट मात्र निकासी वा पैठारी | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल सरकार, अर्थ मन्त्रालयको परामर्शमा कुनै वस्तु वा सेवा कुनै निश्चित भन्सार बिन्दुबाट मात्र निकासी वा पैठारी गर्न पाउने सम्बन्धी व्यवस्था |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | गर्नु पर्ने | गर्न। |
| ९ | निकासी वा पैठारीको क्रममा रहेको वस्तु बिक्री गर्न सक्ने | निकासी वा पैठारीको क्रममा रहेको वस्तु बिक्री गर्न पाउने सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| १० | एन्ट्रापोर्ट व्यापार सम्बन्धी | कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुख्खा बन्दरगाहमा राखी अर्को मुलुकमा निकासी गर्न सक्ने सम्बन्धी व्यवस्था गर्न। |
| ११ | निकासीमा प्रोत्साहन दिन सकिने | स्वदेशी श्रम, सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा सेवाको निकासीलाई प्रोत्साहन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| १२ | निर्यात गृह स्थापना गर्न सक्ने | नेपालमा उत्पादन भएका वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ्ग गरी निकासी गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्यात गृह स्थापना गर्न वा गराउन सक्ने सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| १३ | उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने | नेपालमा उत्पादन भई निकासी हुने वस्तुको उत्पत्तिको प्रमाणपत्र सम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएको। |
| १४ | निकासी प्रवर्द्धन कोष | निकासीकर्तालाई प्रोत्साहन एवं प्रवर्द्धन गर्न निकासी प्रवर्द्धन कोषको स्थापना तथा संचालन गर्ने सम्बन्धी व्यवस्था गर्न। |
| १५ | सम्पर्क कार्यालय स्थापना गर्न सक्ने | नेपालमा उत्पादित वस्तुको निकासीको लागि कुनै विदेशी कम्पनीले नेपालमा सम्पर्क कार्यालय स्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न। |
| १६ | सूचना दिन सक्ने | निकासी वा पैठारी सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्ने सन्दर्भमा सूचनाको उपयोग गर्न। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १७ | इकाईको गठनः | अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण तथा पारदर्शिता कायम राख्न एक व्यापार सहजीकरण तथा पारदर्शिता इकाईको व्यवस्था गर्न |
| १८ | इकाईको बैठक | इकाईको बैठक व्यवस्थित र नियमित गर्न। |
| १९ | इकाईको काम कर्तव्य र अधिकार | इकाईको काम, कर्तव्य र अधिकार तोक्न आवश्यक भएको। |
| २० | कसूर तथा सजाय | ऐन बमोजिम तोकिएको वा सूचित आदेश वा इजाजतपत्रमा उल्लिखित सर्त विपरीत हुने गरी कुनै वस्तु वा सेवा निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा सजाय सम्बन्धी व्यवस्था गर्न। |
| २१ | मुद्दा हेर्ने अधिकारी | मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको। |
| २२ | नेपाल सरकार वादी हुने | नेपाल सरकार वादी हुने विषय समावेश गर्न आवश्यक भएको। |
| २३ | मुद्दाको अनुसन्धान र दायरी | मुद्दाको अनुसन्धान र दायरी सम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएको। |
| २४ | संक्षिप्त कार्यविधि अपनाउनु पर्ने | यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने विषय उल्लेख गर्न आवश्यक भएको। |
| २५ | प्रचलित कानून बमोजिम मुद्दा चलाउन वाधा नपर्ने | अन्य प्रचलित कानून बमोजिम पनि कसुर ठहरिने काममा त्यस्तो कानून बमोजिम मुद्दा चलाउन र सजाय गर्न बाधा नपुऱ्याउन। |
| २६ | पुनरावेदन दिन सक्ने | एक तहको पुनरावेदन सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| २७ | विशेष परिचयपत्र | मुलुकको वाणिज्य क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिलाई |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रदान गर्न सक्ने | सम्मान गर्न सक्ने सम्बन्धी कानूनी व्यवस्था गर्न |
| २८ | अधिकार प्रत्यायोजन गर्न सक्ने | निकासी र पैठारी सम्बन्धी काम कारबाहीलाई छिटो, छरितो र प्रभावकारी बनाउन अधिकार प्रत्यायोजनको कानूनी व्यवस्था गर्न। |
| २९ | नियम बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम बनाउने अधिकारका सम्बन्धमा व्यवस्था गर्न। |
| ३० | खारेजी र बचाउ | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ र भन्सार ऐन, २०६४ को दफा ८९ख. खारेज गरी सो ऐन अन्तर्गत भए गरेका काम कारबाहीलाई वैधानिकता दिन। |

# <u>निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** पैठारी व्यवस्थापन तथा निकासी प्रवर्द्धन गरी देशको आर्थिक विकासमा योगदान पुऱ्याउन र वैदेशिक व्यापारलाई प्रतिस्पर्धी, पारदर्शी तथा सहज बनाउन निकासी पैठारी सम्बन्धी प्रचलित कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "निकासी पैठारी (नियमन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इकाई" भन्नाले दफा २६ बमोजिमको व्यापार सहजीकरण तथा पारदर्शिता इकाई सम्झनु पर्छ।

(ख) "इजाजतपत्र" भन्नाले दफा ४ बमोजिमको इजाजतपत्र सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निकासी" भन्नाले नेपालबाट विदेशी मुलुकमा वस्तु वा सेवा निकासी गर्ने काम सम्झनु पर्छ।

(ङ) "निकासीकर्ता" भन्नाले निकासी गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको तर्फबाट काम गर्न अख्तियारप्राप्त व्यक्तिलाई समेत जनाउँछ।

(च) "पैठारी" भन्नाले विदेशी मुलुकबाट नेपालभित्र वस्तु वा सेवा पैठारी गर्ने काम सम्झनु पर्छ।

(छ) "पैठारीकर्ता" भन्नाले पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको तर्फबाट काम गर्न अख्तियारप्राप्त व्यक्तिलाई समेत जनाउँछ।

(ज) "भन्सार अधिकृत" भन्नाले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिमको भन्सार अधिकृत सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ञ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(ट) "वस्तु" भन्नाले जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्छ।

(ठ) "विभाग" भन्नाले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सम्झनु पर्छ।

(ड) “व्यक्ति” भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम दर्ता भएको कुनै कम्पनी, सङ्गठित संस्था र फर्मलाई समेत जनाउँछ।

(ढ) "सङ्केत नम्बर" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले वस्तुको निकासी वा पैठारी गर्न दफा ३ को उपदफा (१) बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर सम्झनु पर्छ।

(ण) "सूचित आदेश" भन्नाले निकासी वा पैठारी सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेश सम्झनु पर्छ।

(त) "सेवा" भन्नाले उपभोक्तालाई उपलब्ध गराइने कुनै पनि किसिमको सेवा सम्झनु पर्छ र सो शब्दले नेपाल तथा सेवाको व्यापार सम्बन्धी बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय सम्झौताको पक्ष भएको मुलुकबीच लागू हुने सो सम्झौता अन्तर्गत तोकिएको व्यापारयोग्य सेवालाई समेत जनाउँछ।

## परिच्छेद–२

## सङ्केत नम्बर तथा इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **सङ्केत नम्बर लिनु पर्नेः** (१) कुनै व्यक्तिले कुनै वस्तुको निकासी वा पैठारी गर्नुअघि विभागबाट तोकिए बमोजिम निकासी वा पैठारी सङ्केत नम्बर लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै व्यक्ति, प्रतिष्ठान वा निकायको हकमा सङ्केत नम्बर आवश्यक नपर्ने गरी तोक्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम लिईएको सङ्केत नम्बर यसै ऐन बमोजिम लिएको मानिनेछ।

(४) सङ्केत नम्बर प्रदान गर्ने प्रक्रिया, सङ्केत नम्बरको मान्य अवधि, नवीकरण, निलम्बन र खारेज गर्ने प्रक्रिया तथा सङ्केत नम्बर प्रदान गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **इजाजतपत्र लिनु पर्नेः** (१) देहायका वस्तु वा सेवाको निकासी वा पैठारी गर्दा इजाजतपत्र लिनु पर्नेछः–

(क) यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्ने वस्तु वा सेवा, परिमाणात्मक बन्देज लगाइएको वस्तु वा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम भन्सार दर (ट्यारिफ रेट) कोटा निर्धारण गरिएको वस्तु, र

(ख) निकासी वा पैठारी गर्न अन्य प्रचलित कानून बमोजिम इजाजतपत्र लिनु पर्ने वस्तु वा सेवा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिनु पर्ने बाहेकको अन्य वस्तु वा सेवाको निकासी वा पैठारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको विवरण वा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले तोकिए बमोजिमको शुल्क लिई निवेदकलाई तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम इजाजतपत्र दिँदा त्यस्तो इजाजतपत्रमा निकासी वा पैठारी गर्ने वस्तु वा सेवाको नाम, परिमाण, इजाजतपत्रको अवधि, इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने सर्त तोक्नु पर्नेछ।

(६) यस दफा बमोजिमको इजाजतपत्रको नवीकरण, निलम्बन वा खारेज गर्ने प्रक्रिया तथा शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–३
## निकासी पैठारी सम्बन्धी व्यवस्था

५. **निकासी वा पैठारीमा बन्देज वा नियन्त्रण गर्न सक्नेः** (१) देहायको उद्देश्य प्राप्तिको लागि कुनै वस्तुको निकासी वा पैठारीमा बन्देज लगाउन वा नियन्त्रण गर्न आवश्यक देखेमा नेपाल सरकारले सूचित आदेशद्वारा त्यस्तो वस्तुको निकासी वा पैठारीमा कुनै सर्त वा निश्चित अवधि तोकी वा नतोकी पूर्ण वा परिमाणात्मक बन्देज लगाउन वा नियन्त्रण गर्न सक्नेछः–

(क) राष्ट्रिय सुरक्षा तथा राष्ट्र हितको संरक्षण गर्न,

(ख) सार्वजनिक सदाचार वा नैतिकता कायम राख्न,

(ग) मानव, पशुपन्छी वा वनस्पति जीवनको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरबाट संरक्षण गर्न,

(घ) लोपोन्मुख जीवजन्तु, पशुपन्छी वा वनस्पति तथा त्यस्तो जीवजन्तु, पशुपन्छी वा वनस्पतिको स्रोत प्रयोग गरिएको घरेलु उत्पादन वा उपयोग समेतमा बन्देज गर्ने गरी प्राकृतिक स्रोत र वातावरणको संरक्षण गर्न,

(ङ) कलात्मक, ऐतिहासिक, पुरातात्त्विक वा सांस्कृतिक महत्त्वको वस्तु तथा राष्ट्रिय सम्पदाको संरक्षण गर्न,

(च) सुन, चाँदी, हिरा, बहुमूल्य जवाहिरात वा त्यस्तै अन्य बहुमूल्य धातु वा तिनबाट बनेको गरगहना, बहुमूल्य धातु मिश्रित अन्य वस्तु वा बहुमूल्य पत्थरको निकासी वा पैठारीलाई व्यवस्थित गर्न,

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सुन" भन्नाले प्रचलित कानून बमोजिम प्रचलनमा भएको वा नभएको सिक्काको रूपमा रहेको सुन, शुद्धीकरण भएको वा नभएको सुनका ढिक्का (बुलियन) र पाता वा पूर्णरूपमा वा मुख्यरूपमा सुनबाट बनेको गरगहना, सुनको धुलो वा कुनै स्वरूपमा रहेको सुनको मालसामान सम्झनु पर्छ।

(छ) न्यून आपूर्ति वा अधिक आपूर्ति भएको वस्तुको प्राप्ति तथा वितरणको लागि उचित व्यवस्था गर्न,

(ज) विदेशी मुद्राको सञ्चितिमा ह्रास आएको कारणबाट अर्थतन्त्रमा उत्पन्न हुन सक्ने सङ्कट हटाउने, रोक्ने वा अत्यन्त न्यून अवस्थामा रहेको विदेशी मुद्राको सञ्चितिमा वृद्धि गर्ने गरी मुलुकको बाह्य वित्तीय स्थिति र भुक्तानी सन्तुलनको सुरक्षा गर्न,

तर यस्तो बन्देज व्यापारिक नमूनाको पैठारीमा रोक लगाउने वा पेटेन्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकार र सोसँग सम्बन्धित कानूनी व्यवस्थाको परिपालनामा रोक लगाउने गरी प्रयोग गर्न सकिने छैन।

(झ) पेटेन्ट, ट्रेडमार्क, औद्योगिक डिजायन, प्रतिलिपि अधिकार, भौगोलिक पहिचान (जिओग्राफिकल इन्डिकेशन), व्यापारिक गोपनीयता (ट्रेड सेक्रेट) को संरक्षण जस्ता बौद्धिक सम्पत्तिको संरक्षण गर्न,

(ञ) अन्तर्राष्ट्रिय व्यापारमा उपभोग्य सामग्रीको वर्गीकरण, स्तर निर्धारण वा बजारीकरणका मापदण्ड कायम गर्न,

(ट) अत्यावश्यक खाद्य वस्तु वा उत्पादनको आपूर्ति तथा वितरणमा उचित व्यवस्था गर्न वा त्यस्तो खाद्य वस्तु वा उत्पादनको अभाव हुनबाट रोक्न,

(ठ) नयाँ सिप वा प्रविधियुक्त उद्योगको विकास, प्रवर्द्धन र संरक्षण गर्न,

(ड) प्रतिस्पर्धात्मक क्षमता भएको प्रशोधन उद्योगको लागि आवश्यक पर्ने स्वदेशी कच्चा पदार्थको उपलब्धतालाई सुनिश्चित गर्न,

(ढ) अप्रत्यासित रूपमा ठूलो मात्रामा पैठारी भएको वस्तुबाट त्यस्तै प्रकृतिको वस्तु उत्पादन गर्ने स्वदेशी उद्योगलाई पर्न सक्ने गम्भीर हानि नोक्सानीबाट संरक्षण गर्न,

(ण) अस्वस्थ वा अनधिकृत व्यापारिक क्रियाकलापलाई रोक लगाउन वा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न,

(त) अनधिकृत निकासी वा पैठारीलाई नियन्त्रण वा निरुत्साहित गर्न,

(थ) संयुक्त राष्ट्र सङ्घको वडापत्र तथा नेपाल पक्ष भएको बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय सन्धि सम्झौता कार्यान्वयन गर्न तथा सोबाट सिर्जित दायित्व पूरा गर्न।

(२) देहायको उद्देश्य प्राप्तिको लागि कुनै सेवाको निकासी वा पैठारीमा बन्देज लगाउन वा नियन्त्रण गर्न आवश्यक देखेमा नेपाल सरकारले सूचित आदेशद्वारा त्यस्तो सेवाको निकासी वा पैठारीमा कुनै सर्त वा निश्चित अवधि तोकी वा नतोकी बन्देज लगाउन वा नियन्त्रण गर्न सक्नेछः–

(क) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ज), (झ), (ठ), (ढ), (ण) र (त) मा उल्लिखित उद्देश्य प्राप्तिको लागि,

(ख) द्वेषपूर्ण र जालसाजीपूर्ण अभ्यासको रोकथाम गर्न वा सेवा सम्बन्धी करारको परिपालना नगरेको कारणबाट सिर्जित असर सम्बोधन गर्न,

(ग) व्यक्तिगत तथ्याङ्क प्रशोधन र सम्प्रेषण गर्दा व्यक्तिको गोपनीयता तथा व्यक्तिगत अभिलेख र खाताको गोपनीयताको संरक्षण गर्न,

(घ) कुनै व्यावसायिक सुरक्षा मापदण्ड कायम गर्न,

(ङ) सेवा वा सेवा प्रदायकको सम्बन्धमा राष्ट्रिय कर प्रणाली अन्तर्गत प्रभावकारी किसिमले कर लगाउने वा सङ्कलन गर्ने कार्य सुनिश्चित गर्न।

(३) सेवाको निकासी वा पैठारीको तरिका (मोड) र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिमको उद्देश्य प्राप्तिको लागि निकासी वा पैठारीमा बन्देज लगाउँदा वा नियन्त्रण गर्दा सो खण्डमा उल्लिखित वस्तु निकासी वा पैठारी गर्न पाउने व्यक्ति र सोको परिमाण समेत तोक्न सकिनेछ।

(५) उपदफा (१) वा (२) को प्रयोजनको लागि कुनै सरकारी निकायले आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित कुनै वस्तु वा सेवाको निकासी वा पैठारीमा बन्देज लगाउनु पर्ने वा नियन्त्रण गर्नु पर्ने भएमा सोको आधार, कारण र त्यस्तो वस्तु वा सेवाको विवरण सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) नेपाल सरकारले सूचित आदेशद्वारा कुनै वस्तु वा सेवाको निकासी वा पैठारी नेपाल सरकारको आंशिक वा पूर्ण स्वामित्व भएको संस्थाले मात्र गर्न पाउने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(७) यस दफा बमोजिम निकासी वा पैठारीमा लगाएको बन्देज वा नियन्त्रण कायम राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज वा नियन्त्रण जुनसुकै बखत हटाउन वा त्यस्तो बन्देज वा नियन्त्रणमा हेरफेर वा परिवर्तन गर्न सक्नेछ।

६. **<u>निकासी वा पैठारी सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) कुनै अन्तर्राष्ट्रिय कम्पनीले उत्पादन गरेको वस्तु त्यस्तो कम्पनीले निर्दिष्ट गरेको मुलुकको लागि वितरकको रूपमा काम गर्ने नेपाली एजेन्सीले सो मुलुकमा निकासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तु निकासी गर्दा नेपाल तथा सम्बन्धित मुलुकबीच व्यापार सम्बन्धी सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिकूल नहुने गरी निकासी गर्नु पर्नेछ।

(३) कसैले विदेशी व्यक्तिबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्ण रूपमा निर्माण, उत्पादन, प्रशोधन वा डिजाइनमा परिवर्तन गरी तयार भएको वस्तु तोकिए बमोजिमको प्रक्रिया पूरा गरी निकासी गर्न सक्नेछ।

(४) व्यापारिक प्रयोजनको लागि बाहेक नेपालको भू—भाग हुँदै अर्को मुलुकमा निकासी गर्ने गरी कुनै वस्तु पैठारी गर्नु पर्दा पैठारीकर्ताले विभागबाट तोकिए बमोजिम पारवहन (ट्रान्जिट) सुविधाको अनुमति लिनु पर्नेछ।

(५) यस दफा बमोजिम वस्तुको निकासी वा पैठारी गर्दा अपनाउनु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **<u>मेला वा प्रदर्शनीको लागि निकासी वा पैठारी गर्न सकिने:</u>** (१) स्वदेश वा विदेशमा आयोजना हुने औद्योगिक वा व्यापारिक मेला वा प्रदर्शनीको लागि कुनै वस्तु निकासी वा पैठारी गर्नु परेमा विभागले प्रचलित कानून बमोजिम सम्बन्धित निकायको सिफारिसमा त्यस्तो वस्तु निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ।

(२) औद्योगिक वा व्यापारिक मेला वा प्रदर्शनीको लागि कुनै वस्तु निकासी वा पैठारी गरेकोमा त्यस्तो वस्तु बिक्री नभई बाँकी रहन गएमा विभागले त्यसरी बाँकी रहेको वस्तुको निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम वस्तुको निकासी वा पैठारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **<u>निर्धारित भन्सार बिन्दुबाट मात्र निकासी वा पैठारी गर्नु पर्ने:</u>** कुनै वस्तु वा सेवा कुनै निश्चित भन्सार बिन्दुबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी प्रचलित कानून बमोजिम भन्सार बिन्दु तोकिएकोमा निकासीकर्ता वा पैठारीकर्ताले सोही भन्सार बिन्दुबाट मात्र त्यस्तो वस्तु वा सेवा निकासी वा पैठारी गर्नु पर्नेछ।

९. **<u>निकासी वा पैठारीको क्रममा रहेको वस्तु बिक्री गर्न सक्ने</u>:** (१) नेपालबाट निकासीको लागि चलान भई समुद्री मार्ग वा बन्दरगाहमा रहेको वस्तु कुनै कारणवश खरिदकर्ताले खरिद गर्न नसक्ने भएमा वा खरिद गर्न अस्वीकार गरेमा निकासीकर्ताले त्यस्तो वस्तु पहिलो खरिदकर्तासँग तय भएको बिक्री मूल्यभन्दा कम नहुने गरी अन्य खरिदकर्तालाई बिक्री गर्न सक्नेछ।

(२) कुनै पैठारीकर्ताले पैठारी गर्ने वस्तु विदेशबाट चलान भई समुद्री मार्ग वा बन्दरगाहमा रहेको अवस्थामा त्यस्तो वस्तु विभागको पूर्व स्वीकृति लिई नेपाल वा विदेशी मुलुकको अन्य व्यक्तिलाई बिक्री गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम वस्तु बिक्री गर्दा विदेशी खरिदकर्ता भए पैठारीकर्ताले खरिद गरेको मूल्यमा नघट्ने गरी परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम गरिने वस्तुको खरिद, बिक्री, भुक्तानी तथा निकासीकर्ता वा पैठारीकर्ताले पालना गर्नु पर्ने सर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल तथा सम्बन्धित मुलुकबीच भएको व्यापार सम्बन्धी सम्झौतामा निकासी वा पैठारीको क्रममा रहेको वस्तुको बिक्री सम्बन्धमा कुनै व्यवस्था गरिएको भए सोही बमोजिम गर्नु पर्नेछ।

१०. **<u>एन्ट्रापोट व्यापार सम्बन्धी:</u>** (१) कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुक्खा बन्दरगाहमा राखी अर्को मुलुकमा तोकिएको अवधिभित्र निकासी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम निकासी गर्दा नेपाल तथा निकासी गरिने मुलुकबीच व्यापार सम्बन्धी सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम वस्तु निकासी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **निकासीमा प्रोत्साहन दिन सकिने:** (१) स्वदेशी श्रम, सिप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको निकासीमा विशेष सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने सुविधा वा सहुलियत तथा सोको सर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **निर्यात गृह स्थापना गर्न सक्ने**: (१) नेपालमा उत्पादन भएको वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ्ग गरी निकासी गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्यात गृह स्थापना गर्न वा निर्यात गृह स्थापना गर्ने स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको निर्यात गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने:** (१) मन्त्रालयले मातहतको कुनै निकाय वा प्रचलित कानून बमोजिम स्थापित संस्था मार्फत नेपालमा उत्पादन हुने वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **निकासी प्रवर्द्धन कोष:** (१) निकासी प्रोत्साहन तथा प्रवर्द्धन गर्नको लागि नेपाल सरकारले निकासी प्रवर्द्धन कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको लागि नेपाल सरकारले आवश्यकता अनुसार रकम उपलब्ध गराउनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

१५. **सम्पर्क कार्यालय स्थापना गर्न सक्ने:** (१) नेपालमा उत्पादित वस्तुको निकासीको लागि कुनै विदेशी कम्पनीले प्रचलित कानून बमोजिम नेपालमा सम्पर्क कार्यालय स्थापना गर्न चाहेमा अनुमतिको लागि तोकिएको विवरण तथा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा तथा नेपालको व्यापार समेतमा सकारात्मक योगदान पुग्ने देखिएमा विभागले निवेदकलाई नेपालमा सम्पर्क कार्यालय स्थापना गर्न अनुमति दिन सक्नेछ।

(३) यस दफा बमोजिम सम्पर्क कार्यालय स्थापना गर्ने सम्बन्धी मापदण्ड, सम्पर्क कार्यालय स्थापना गर्ने कम्पनीले पालना गर्नु पर्ने सर्त मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **सूचना दिन सक्ने:** (१) कसैले यो ऐन बमोजिम निकासी वा पैठारी गर्न बन्देज लगाइएको वा नियन्त्रण गरिएको वस्तु वा सेवा निकासी वा पैठारी गर्न लागेको वा दफा ४ बमोजिम

इजाजतपत्र नलिई कुनै वस्तु वा सेवाको निकासी वा पैठारी गर्न लागेको वा गरेको कुरा थाहा पाएमा कुनै पनि व्यक्तिले सोको सूचना जुनसुकै माध्यमबाट विभाग वा भन्सार कार्यालय वा नजिकको प्रहरी कार्यालयमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको विवरण विभाग वा भन्सार कार्यालय वा प्रहरी कार्यालयले गोप्य राख्नु पर्नेछ।

(३) दुःख दिने वा अनुचित लाभ लिने मनसाय राखी गलत सूचना दिने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(४) उपदफा (१) बमोजिमको सूचना दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४
## इकाईको गठन सम्बन्धी व्यवस्था

१७. **इकाईको गठनः** अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण तथा पारदर्शिता कायम राख्न देहाय बमोजिमको एक व्यापार सहजीकरण तथा पारदर्शिता इकाई रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय (वाणिज्य विषय हेर्ने) | -संयोजक |
| (ख) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क | -सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (च) | महानिर्देशक, भन्सार विभाग | -सदस्य |
| (छ) | महानिर्देशक, आन्तरिक राजस्व विभाग | -सदस्य |
| (ज) | महानिर्देशक, विभाग | -सदस्य-सचिव |

१८. **इकाईको बैठकः** (१) इकाईको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) इकाईको संयोजकको निर्देशन अनुसार इकाईको बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषय खुलाई इकाईको सदस्य सचिवले सामान्यतः बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै लिखित रूपमा सदस्यलाई जानकारी दिनु पर्नेछ।

तर उचित र पर्याप्त कारण भएमा इकाईको संयोजकले त्यस्तो कारण खुलाई चौबिस घण्टा अगावै इकाईको बैठक बोलाउन बाधा पर्ने छैन।

(३) इकाईको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा इकाईको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) इकाईको बैठकको अध्यक्षता इकाईको संयोजकले गर्नेछ।

(५) इकाईको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यको बहुमतबाट हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) इकाईको बैठकको निर्णयको अभिलेख इकाईको सदस्य-सचिवले तयार गरी इकाईको संयोजक तथा सदस्यको सही गराई राख्नेछ।

(७) इकाईले अर्थ वा वाणिज्य क्षेत्रको कुनै विज्ञ वा पदाधिकारीलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) इकाईको सचिवालय मन्त्रालयमा रहनेछ।

(९) इकाईको बैठक सम्बन्धी अन्य कार्यविधि इकाई आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **इकाईको काम, कर्तव्य र अधिकारः** (१) इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यापारमा पारदर्शिता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने,

(ख) सीमापार व्यापार व्यवसायसँग सम्बन्धित मूल्य, मात्रा, विवरण, कागजात वा सम्बन्धित विषयको यथार्थ मूल्याङ्कनको लागि अन्य देशको व्यापार नियमन तथा पारदर्शिता कायम राख्न स्थापित निकायसँग सूचना आदानप्रदान गर्ने,

(ग) खण्ड (क) बमोजिम समन्वय र खण्ड (ख) बमोजिम सूचना आदानप्रदान गर्दा कुनै कैफियत पाइएमा कारबाहीको लागि सम्बन्धित निकाय वा सम्बन्धित मुलुकमा लेखी पठाउने,

(घ) सीमापार व्यापार व्यवसायमा पारदर्शिता कायम गर्न वा गराउन आवश्यक मापदण्ड बनाई लागू गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) सीमापार व्यापार व्यवसायसँग सम्बन्धित सूचना, विवरण तथा कागजात सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(च) निकासी, पैठारी, व्यापार पारदर्शिता र व्यापार सहजीकरण सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) उपयुक्त विधि र सफ्टवेयरको माध्यमबाट व्यापारजन्य क्रियाकलापको अनुगमन गर्ने वा गराउने,

(ज) एक्जिम कोड वा त्यस्तै प्रकृतिको व्यावसायिक कागजातमा आवश्यक सर्त राख्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) व्यापार सहजीकरण तथा पारदर्शिता कायम गर्ने सम्बन्धी तोकिए बमोजिमका अन्य काम गर्ने।

(२) इकाईले आफ्नो कार्यसम्पादनको सिलसिलामा आवश्यक पर्ने कागजात तथा विवरण माग गरेमा त्यस्तो कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ।

## परिच्छेद–५

## कसुर तथा सजाय सम्बन्धी व्यवस्था

२०. **कसुर तथा सजायः** (१) कुनै व्यक्तिले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम निकासी वा पैठारी सम्बन्धी कसुर गरेको मानिनेछः-

(क) दफा ३ बमोजिम सङ्केत नम्बर नलिई कुनै वस्तुको निकासी वा पैठारी गरेमा,

(ख) दफा ४ बमोजिम इजाजतपत्र नलिई कुनै वस्तु वा सेवाको निकासी वा पैठारी गरेमा,

(ग) दफा ५ बमोजिम बन्देज लगाइएको वा नियन्त्रण गरिएको वस्तु वा सेवाको निकासी वा पैठारी गरेमा, वा

(घ) यस ऐन बमोजिम तोकिएको वा सूचित आदेश वा इजाजतपत्रमा उल्लिखित सर्त विपरीत हुने गरी कुनै वस्तु वा सेवा निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कसुर गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो वस्तु र सेवाको हकमा सेवासँग सम्बन्धित वस्तु जफत गरी देहाय बमोजिम सजाय गर्न सक्नेछः–

(क) पचास लाख रूपैयाँसम्मको बिगो भए बिगो बमोजिमको जरिबाना,

(ख) पचास लाख रूपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म बिगो भए बिगोको डेढी जरिबाना,

(ग) दुई करोड रूपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म बिगो भए बिगोको दोब्बर जरिबाना,

(घ) पाँच करोड रुपैयाँभन्दा बढी बिगो भएमा बिगोको दोब्बर जरिबाना र एक वर्षदेखि तीन वर्षसम्म कैद।

(३) कुनै व्यक्तिले झुट्टा वा गलत विवरण पेस गरी विभागबाट इजाजतपत्र वा कुनै सिफारिस, अनुमतिपत्र वा सङ्केत नम्बर लिएमा महानिर्देशकले कसुरको प्रकृति हेरी एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो इजाजतपत्र, सिफारिस, अनुमतिपत्र वा सङ्केत नम्बर खारेज गर्न सक्नेछ।

तर त्यस्तो इजाजतपत्र, सिफारिस, अनुमतिपत्र वा सङ्केत नम्बर खारेज गर्नु अघि सम्बन्धित व्यक्तिलाई उचित सफाईको मौका दिनु पर्नेछ।

(४) उपदफा (१) विपरीत वा उपदफा (३) बमोजिमको कुनै कार्य प्रचलित कानून बमोजिमको समेत कसुर हुने देखिएमा त्यस्तो कानून बमोजिम समेत कारबाही चलाउनको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(५) कुनै व्यक्तिले यस ऐन बमोजिम विभागबाट जारी भएको इजाजतपत्रमा उल्लिखित विवरणमा कुनै कुरा थपघट, केरमेट गरी वा सच्याई कुनै वस्तु वा सेवाको निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा महानिर्देशक वा भन्सार अधिकृतले त्यस्तो

व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(६) कुनै व्यक्तिले यस दफामा उल्लेख गरिएदेखि बाहेक यस ऐन विपरीत हुने कुनै कार्य गरेमा महानिर्देशकले कसुरको मात्रा हेरी त्यस्तो व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) उपदफा (१), (३), (५) वा (६) बमोजिमको कार्य गर्न दुरुत्साहन गर्ने वा सहयोग पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

२१. **मुद्दा हेर्ने अधिकारीः** दफा २० को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमको मुद्दा भन्सार अधिकृतले र उपदफा (२) को खण्ड (घ) बमोजिमको मुद्दा जिल्ला अदालतले शुरू कारबाही र किनारा गर्नेछ।

२२. **नेपाल सरकार वादी हुनेः** दफा २० को उपदफा (२) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्नेछ।

२३. **मुद्दाको अनुसन्धान र दायरीः** (१) यस ऐन बमोजिमको कसुरको अनुसन्धान गर्न भन्सार कार्यालयको प्रमुखले भन्सारको कुनै अधिकृत कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकृतले अनुसन्धानको काम शुरू भएको पच्चीस दिनभित्र अनुसन्धान सम्पन्न गरी दफा २० को उपदफा (२) बमोजिम सजाय हुने मुद्दाको हकमा सरकारी वकिलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

२४. **संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः** यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

२५. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसुर ठहरिने काम अन्य प्रचलित कानून बमोजिम पनि कसुर ठहरिने रहेछ भने यस ऐन बमोजिम जरिबाना वा सजाय भएको आधारमा मात्र त्यस्तो कानून बमोजिम मुद्दा चलाउन र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

२६. **पुनरावेदन दिन सक्नेः** यस परिच्छेद बमोजिम भन्सार अधिकृतले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको पैंतिस दिनभित्र सम्बन्धित राजस्व न्यायाधिकरणमा र महानिर्देशकले गरेको निर्णयको हकमा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद–६

## विविध

२७. **विशेष परिचयपत्र प्रदान गर्न सक्नेः** (१) नेपाल सरकारले मुलुकको वाणिज्य क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिलाई महत्त्वपूर्ण व्यावसायिक व्यक्तिको रूपमा पहिचान गरी विशेष परिचयपत्र र सम्मान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने विशेष परिचयपत्र र सम्मान सम्बन्धी व्यवस्था, त्यस्तो परिचयपत्र र सम्मान गर्ने व्यक्तिले नेपाल सरकारबाट प्राप्त गर्ने सुविधा र निजले पालना गर्नु पर्ने सर्त तोकिए बमोजिम हुनेछ।

२८. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार मन्त्रालय, विभाग, महानिर्देशक, कुनै निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये दफा १७ को उपदफा (३) बाहेकका अन्य अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२९. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३०. **खारेजी र बचाउः** (१) निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ र भन्सार ऐन, २०६४ को दफा ८९ख. खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको ऐन तथा दफा बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।